विषय सुची


प्रस्तावना......................................................................................१

परिच्छेद-१ प्रारम्भिक ..............................................................................२

१. संक्षिप्त नाम र प्रारम्भ ..........................................................................२

२. परिभाषा .......................................................................................२

परिच्छेद-२ सामुदायिक विपद् व्यवस्थापन समिति गठन तथा परिचालन..........................३

२.१ सामुदायिक विपद् व्यवस्थापन समिती गठनका न्यूनतम आधारहरु :....................३

२.२ सामुदायिक विपद् व्यवस्थापन समितीका काम कर्तव्य तथा जिम्मेवारीहरु..................३

परिच्छेद-३ कार्यदल गठन तथा परिचालन.........................................................४

३.१ कार्यदल गठनका लागि न्यूनतम आधारहरु...................................................४

३.२ प्राथमिक उपचार कार्यदल सदस्यहरु छनोटका आधारहरु (कार्यदलमा ३ जना).........५

३.२.१ प्राथमिक उपचार कार्यदलका काम कर्तव्य र जिम्मेवारीहरु...............................५

३.३ खोज तथा उद्धार कार्यदल गठनका न्यूनतम आधारहरु (कार्यदलमा ३ देखि ४ जना सम्म)..६

३.३.१ खोज तथा उद्धार समितीका काम कर्तव्य र जिम्मेवारीहरु..................................७

३.४ पूर्वसचेतना कार्यदल छनौटका आधारहरु (कार्यदलमा ३ जना सम्म).........................८

३.४.१ पूर्वसचेतना कार्यदलका काम कर्तव्य र जिम्मेवारीहरु.......................................८

परिच्छेद ४ विविध..................................................................................९

४.१ सामुदायिक विपद व्यवस्थापन समिति गठन तथा परिचालन.................................९

४.२ टोल विकास संस्था गठन गर्न सक्ने.........................................................९

४.३ सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकरणको लागि निवेदन दिनुपर्ने...............९

४.४ सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकरण...........................................९

४.५ निर्देशिका संशोधन वा खारेज गर्न सक्ने.....................................................९

अनुसूचि-१ सामुदायिक विपद् व्यवस्थापन समिति सूचिंकृत गर्ने निवेदनको नमूना.............१०

अनुसूचि-२ सामुदायिक विपद् व्यवस्थापन समिति सूचिकृत प्रमाण पत्र नमुना...................११


प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्तावनाः- नेपाल विश्वको सन्दर्भमा एक अति नै विपद् प्रभावित मुलुक हो । बहुप्रकोपका साथै कठिन भुगोल र मौसमी भिन्नताको हिसाबले पनि अती नै प्रभावित रहेको छ । विश्वका २०० देशहरु मध्ये नेपाल जलवायु परिवर्तका हिसाबले ४ औं, भुकम्पमा ११ औं, जलजन्य प्रकोपमा ३० औं र समग्र विपदका हिसाबले २० औ स्थानमा रहेको छ ।
यसै सन्दर्भमा ग्रामिण, दुर्गम, सिमित पहुँच भएको क्षेत्र र संकटासन्न समुदायहरुमा विपद्का हिसाबले त्यँहाका परिवार र समुदाय सबैभन्दा बढी भौतिक र मानविय क्षतिका साथै समय क्षेत्रमा असर परेको पाईएको छ । प्रकोप र संकटासन्नताको समिप र वरिपरिमा रहेका समुदायहरुले सबैभन्दा पहिला विपद्को सामाना गर्नुपर्दछ त्यसकारण समुदायका सदस्यहरुले विपद्को असरलाई कम गर्न र विपद् प्रतिकार्यमा महत्वपुर्ण भुमिका खेल्दछ्न् । तसर्थ सामुदायिक विपद् व्यवस्थापन समिती भनेको स्थानीय र समुदाय स्तरको विपद् व्यवस्थापन गर्ने एक आधारशिल समिती हो, जुन उर्ध्वगामी (bottom up) अवधारणामा आधारित छ । सामुदायिक विपद् व्यवस्थापन समितीले समुदाय स्तरमा आफैले प्राकृतिक तथा मानविर्सिजीत प्रकोपहरु तथा संकटासन्नता विश्लेषण एंवम् मुल्यांङ्कन गरि त्यसको असर र प्रभावहरुलाई नियन्त्रण र न्यूनीकरण गर्नका लागि स्थानीय स्रोत तथा साधनहरुको पहिचान गरि रणनिती पनि तय गर्दछन् ।

यहि परिदृश्य र सम्पूर्ण देशको विपद् व्यवस्थापनलाई मध्यनजर गर्दा वि.स.२०७४ सम्म समग्र राष्ट्र नै विपद् घटना र प्रतिकार्यमा व्यवस्थापन गर्न मात्रै केन्द्रित रहेको देखिन्थ्यो तर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को निर्माण पश्चात भने मुलुकको समग्रं विपद् व्यवस्थापनको क्षेत्रमा आयामिक परिवर्तन देख्न सकिन्छ जस अन्र्तगत समग्र विपद् व्यवस्थापन चक्र (विपद् पुर्व, विपद्को समयमा र विपद् पश्चात) लाई समावेश गरेको पाईन्छ । त्यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय स्तरको विपद् व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित स्थानीय सरकारको नै भन्ने कुरा उल्लेख गरेको छ । तसर्थ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन ऐनले समुदायमा प्रभावकारी विपद् व्यवस्थापनका लागि र जोखिममा रहेका समुदायहरुको जिवन रक्षाका लागि विपद् जोखिम न्युनिकरणका गतिविधीहरु संचालन गर्न समुदाय स्तरमा विपद् व्यवस्थापन समिती र कार्यदलहरु गठन गर्ने प्रावधानको व्यवस्था गरेको छ । तसर्थ नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को परिच्छेद ३ को दफा ७ को खण्ड ङ र नलगाड नगरपालिका नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन को अधिकार प्रयोग गरी सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल गठन तथा परिचालन निर्देशिका २०२५ जारी गरेको छ ।

खड्क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

